# प्रभाव दैनिक
National Daily

वर्ष ८ | अंक १०९ | काठमाडौं | बिहीबार, २८ साउन २०७८ | Prabhab National Daily, Thursday, Aug 12 , 2021 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रूचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


सन्दर्भः वैदेशिक रोजगार

## दुई करोड छात्रवृत्ति वितरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डमार्फत एक आर्थिक वर्षमा २ करोडभन्दा बढीको छात्रवृत्ति वितरण भएको छ । गत आर्थिक वर्ष ०७७/७८ को एक वर्षका अवधिमा बोर्डले २ करोड ८ लाख ८२ हजार रूपैयाँ छात्रवृत्ति वितरण गरेको हो ।

वैदेशिक रोजगारमा गएर व्यक्तिका २ हजार २०९ जना बालबच्चालाई बोर्डले सो बराबरको छात्रवृत्ति सहयोग गरेको जनाएको छ । एक आर्थिक वर्षमा वैदेशिक रोजगारीमा गएका ६२ जिल्लाका २ हजार २०९ जना बालबालिकाले छात्रवृत्ति पाएको बताइएको छ । बोर्डबाट गत आर्थिक वर्षमा छात्रवृत्ति पाउने विद्यार्थीको संख्या सबैभन्दा बढी सर्लाहीका रहेका छन् । सर्लाहीका एक सय जना विद्यार्थीले छात्रवृत्ति पाएको हुन् । बोर्ड सार्वजनिक गरेको एक आर्थिक वर्षको प्रतिवेदनअनुसार सर्लाहीपछि सबैभन्दा धेरै मोरङका ८९ जनाले बालबालिकाले छात्रवृत्ति पाएका छन् । त्यस्तै झापाका ८८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन् भने सिरहाका ८६ जना विद्यार्थीले छात्रवृत्ति पाएको बताइएको छ । त्यस्तै महोत्तरीका ८५ जना, सुनसरीका ७३ जना बालबालिकाले छात्रवृत्ति वितरण गरिएको बोर्डले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ ।

त्यस्तै, नवलपरासी पूर्वका ७६ जना, दाङका ७५ जना, धनुषाका ७० जना, बाग्लुङका ६९ जनालाई वितरण गरिएको छ । यसैगरी एक आर्थिक वर्षमा सबैभन्दा कम छात्रवृत्ति म्याग्दी र जुम्लाका २-२ जनाले पाएका छन् । त्यस्तै मुगु, बाँके, बझाङ, बैतडीका ३-३ जनाले छात्रवृत्ति पाएका छन् । त्यस्तै सोलुखुम्बुका ४ जनालाई छात्रवृत्ति वितरण गरिएको बोर्डले जनाएको छ । त्यस्तै ललितपुरका ११ जना विद्यार्थीले छात्रवृत्ति पाएका छन् ।

त्यस्तै अर्घाखाँचीका ३१ जना, इलामका २० जना, उदयपुरका ६२ जनालाई छात्रवृत्ति वितरण गरिएको हो । त्यस्तै कञ्चनपुरका ३२ कपिलवस्तुका ६४, काठमाडौंका ५४ जना, काभ्रेका २४, कास्कीका ४८, कैलालीका ३०, खोटाङका ४२, गुल्मीका १६, गोरखाका ७ जनाले छात्रवृत्ति पाएका छन् । त्यस्तै चितवनका २७, जाजरकोटका ६, तनहुँका ६०, ताप्लेलुङका १३ जना रहेका छन् । त्यसैगरी, तेह्रथुम र दोलखाका ६-६ जना, धनकुटाका २०, धादिङका ५८, नुवाकोटका ४०, पर्वतका ७, पाँचथरका ३८ र पाल्पाका ४५ जना रहेका छन् ।

त्यसैगरी, छात्रवृत्ति प्राप्त गर्नेहरूमा प्युठानका १४ बाराका ४३, भक्तपुरका १८, भोजपुरका २६, मकवानपुरका ११, रामेछापका २७, रुकुम पश्चिमका १८, रुकुम पूर्वका १३ र रूपन्देहीका ३६ जना छन् । त्यस्तै रोल्पाका ५५, लमजुङका ३१, संखुवासभाका २७, सल्यानका २५, सिन्धुपाल्चोकका ४३, सिन्धुलीका ५९ सुर्खेतका ९ र स्याङ्जाका १६ जनाले छात्रवृत्ति पाएको बोर्डको तथ्यांकले देखाएको छ ।

## एमाले विवादको तेस्रो सिकार
# लुम्बिनीमा ढल्यो सरकार

■ प्रभाव संवाददाता



**काठमाडौं–** लुम्बिनी प्रदेशमा एकल बहुमतमा रहेको नेकपा एमालेको सरकार पार्टीभित्रको आन्तरिक किचलोका कारण ढलेको छ । यसअघि संघीय संसद र गण्डकी प्रदेशमा एमालेले आफू नेतृत्त्वको सरकार गुमाइसकेको छ । अन्य सबै दल एकातिर लागेपछि लुम्बिनीमा एमाले सचिव शंकर पोखरेल नेतृत्त्वको प्रदेश सरकार बुधबार ढलेको हो । विपक्षी दलले आफूविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएपछि मुख्यमन्त्री पोखरेलले प्रदेश प्रमुख अमिक शेरचनलाई राजीनामापत्र बुझाएका थिए । बुधबार आफूविरुद्ध दर्ता भएको अविश्वासको प्रस्तावबारे छलफल गर्न आह्वान गरिएको प्रदेशसभाको विशेष अधिवेशन अगावै मुख्यमन्त्री पोखरेलले राजीनामा दिएका थिए ।

एमाले र माओवादी केन्द्रबीच चुनावी गठबन्धनबाट पोखरेल दाङ क्षेत्र नम्बर २ (१) बाट प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । उनी ३ फागुन ०७४ मा पहिलोपटक र गत १९ वैशाखमा दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका थिए । दोस्रोपटक अल्पमतमा पर्दापर्दै असंवैधानिक ढंगले नियुक्त भएको भन्दै विपक्षी दलहरूले बहुमत सिद्ध गर्न वा राजीनामा दिन निरन्तर माग गर्दै आएका थिए । गत ३१ असारमा प्रदेशसभामा बजेट पास गर्न आवश्यक बहुमत नपुगेपछि मुख्यमन्त्रीकै नेतृत्त्वमा सत्ता पक्षले प्रदेशसभा बैठक बहिष्कार गरी अधिवेशन अन्त्य गरेर अध्यादेशबाट बजेट ल्याएको थियो ।

१९ साउनमा विपक्षी चार दलको गठबन्धनका ३४ जना सांसदले मुख्यमन्त्रीविरुद्ध तेस्रोपटक अविश्वास प्रस्ताव दर्ता गरेका थिए । त्यसअघि गत ६ वैशाखमा पनि पोखरेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता भएको थियो । त्यसमाथि छलफल गर्न १९ वैशाखमा विशेष अधिवेशन बोलाएकै दिन बिहान पोखरेलले राजीनामा दिएर एमालेको एकल बहुमत दाबी गर्दै दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका थिए । उनले तत्कालीन प्रदेश प्रमुख धर्मनाथ यादवलाई ४१ जनाको हस्ताक्षर बुझाउँदा उपसभामुख कृष्णी थारु, माओवादी केन्द्र रोजेकी विमला खत्री वलीको पनि हस्ताक्षर थियो । अमरबहादुर डाँगीले आफ्नो हस्ताक्षर किर्ते गरिएका बताएका थिए । १९ वैशाखमा पोखरलले शपथ नलिँदै एमालेका दृगनारायण पाण्डेले संसद पदबाट राजीनामा दिएका थिए ।

आफ्नै दलका पाण्डे र डाँगीका साथै तत्कालीन नेकपाबाट निर्वाचित वलीले साथ छाडेपछि एकल बहुमतमा रहेको एमाले सरकार ढलेको हो । पाण्डे कांग्रेस प्रवेश गरेर राष्ट्रियसभा सदस्य भएका छन् । पोखरेलकै गृह जिल्लाकी वलीले पनि माओवादी केन्द्र रोजेपछि प्रदेशसभामा एमालेको सांसद संख्या ४१ बाट ३८ जनामा सीमित भएको छ । प्रदेशसभामा हाल ८० जना सांसद बहाल रहेकोमा बहुमतका लागि ४१ सिट आवश्यक हुन्छ । विपक्षी गठवन्धनसँग कांग्रेसका १९, माओवादी केन्द्रका १८, जसपाका ३ र जनमोर्चाका १ गरी ४१ सांसद छन् ।

यसअघि पोखरेलले जसपाका सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव, सुमन शर्मा रायमाझी र कल्पना पाण्डेय लम्सालताई सरकारमा सहभागी गराएर बहुमत पुऱ्याएका थिए । तर, उनीहरूलाई जसपाले कारबाही गरेको थियो । पछिल्लो समय भौतिक पूर्वाधार विकास राज्यमन्त्री रायमाझीले १८ असारमा राजीनामा दिएर पार्टीमा फर्किएपछि पोखरेल पुनः अल्पमतमा परेका थिए ।

प्रदेशप्रमुख शेरचनले बुधवार अधिवेशन आह्वान गरेपछि एमाले रिट लिएर सर्वोच्च अदालत गएको थियो । तर, अदालतले निर्णय नदिँदै अधिवेशन सुरु हुने भएपछि उनले राजीनामा दिएका थिए । तर, बुधबारको बैठकमा एमालेका कुनै पनि सांसद सहभागी भएनन् । केन्द्रको राजनीतिको कोपभाजनमा परेको पनि बताइएको छ । संघीय सरकारले हालै शेरचनलाई प्रदेश प्रमुख परिवर्तन गरेपछि पोखरेललाई सत्ता जोगाउन झन् सकस परेको थियो ।

### सरकारमा दाबी गर्न २२ घन्टा

मुख्यमन्त्री पोखरेलले राजीनामा दिएपछि प्रदेश प्रमुख शेरचनले नयाँ सरकार गठनका लागि आह्वान गरेका छन् । उनले २८ साउन, दिउँसो ३ बजेसम्मको समय दिएर बहुमतको सरकार गठनका लागि दाबी पेस गर्न आह्वान गरेका हुन् । उनले संविधानको धारा १६८ (२) अनुसार प्रदेशसभामा प्रतिनिधित्त्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रयोजनका लागि बिहीबार दिउँसो ३ बजेभित्र दाबी पेस गर्न भनेका छन् ।

विपक्षी गठबन्धनले माओवादी केन्द्र संसदीय दलका नेता कुलप्रसाद केसी (सोनाम) लाई भावी मुख्यमन्त्रीका रूपमा प्रस्ताव गरेको छ । यद्यपि माओवादी केन्द्र र कांग्रेसबीच ८/८ महिना आलोपालो सरकारको नेतृत्त्व गर्ने सहमति बनेको छ ।

### जनादेश प्रतिकूल काम भयोः पोखरेल

मुख्यमन्त्री पोखरेलले विपक्षी दलले जनादेश प्रतिकूल काम गरेको आरोप लगाएका छन् । राजीनामापत्रमा उनले संविधान धारा १६८ (१) अनुसार नियुक्त मुख्यमन्त्रीविरुद्ध १८८(४) को व्यवस्थाअनुसार पहिलो दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेस गर्न नपाइनेमा विपक्षी दलहरू संवैधानिक प्रावधानविपरीत गएको दाबी गरेका छन् ।

विपक्षी दलले प्रदेशसभाबाट दुईजना सांसदलाई राजीनामा, ५ जनालाई कारबाही र एक जनालाई दल परिवर्तन गराउनेजस्ता अवाञ्छित र जनादेशप्रतिकूल अभ्यासहरू गरेको मुख्यमन्त्री पोखरेलको आरोप छ । जसपाले आफ्ना सांसदलाई गरेको कारबाहीलाई पनि पोखरेलले गैरकानुनी भनेका छन् ।

उनले राजीनामापत्रमा गैरकानुनी कारबाहीमा परेका सांसदहरू न्यायिक निरूपणका लागि सर्वोच्च अदालतमा गएको र मुद्दाको किनारा नलागेको अवस्थामा प्रदेशसभाको विशेष अधिवेशनमा हुने छलफलले विचाराधीन मुद्दामा प्रतिकूल असर पर्ने र न्यायिक निरूपणमा समेत प्रभाव पर्ने उल्लेख गरेका छन् । विद्यमान अन्यौलताको अन्त्य गरी मार्ग प्रशस्त गर्न नेपालको संविधानको धारा १६९(१) क बमोजिम पदबाट राजीनामा दिएको पोखरेलले राजीनामा पत्रमा उल्लेख गरेका छन् ।

### अधिवेशन रोक्ने रिट संवैधानिक इजलासमा

सर्वोच्च अदालतले लुम्बिनी प्रदेशसभाको विशेष अधिवेशन रोक्न माग गर्दै परेको रिट संवैधानिक इजलासमा पठाउन आदेश दिएको छ । न्यायाधीश डा. आनन्दमोहन भट्टराईको इजलासले मुख्यमन्त्री पोखरेलविरुद्ध परेको अविश्वास प्रस्तावमाथि छलफल गर्न बोलाएको विशेष अधिवेशन रोक्न माग गर्दै परेको रिटमा गम्भीर संवैधानिक व्याख्याको प्रश्न देखिएको भन्दै संवैधानिक इजलासमा पठाउन आदेश दिएको हो ।

## दुबई जान खोपको प्रमाण नचाहिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त अरब इमिरेट्सको दुबई राज्यमा जान अब कोरोना भाइरसविरुद्धको खोप लगाएको प्रमाण नचाहिने भएको छ । नेपाल, भारत, पाकिस्तान र श्रीलंकाबाट दुबई जानेहरूलाई युएई सरकारले तोकेका अन्य स्वास्थ्यका मापदण्ड मात्रै पालना गरे पुग्ने भएको हो ।

स्वास्थ्यका अन्य मापदण्ड पालना गरेको खण्डमा कोरोनाविरुद्धको खोप लगाएको प्रमाणपत्र पेस गर्नु नपर्ने भएको त्यहाँका स्थानीय सञ्चारमाध्यमले बताएका छन् । यो नियम केवल दुबईमा मात्रै लागू भएको तर अन्य राज्यमा यो लागू नहुने समाचारमा जनाइएको छ । कोरोनाविरुद्धको खोप लगाएको प्रमाणपत्र आवश्यक नभए पनि युएई जाने नेपालीले सबैभन्दा पहिला युएईको सम्बन्धित निकायमा अनलाइनबाटै प्रवेशका लागि अनुमति भने लिनु पर्ने बताइएको छ । त्यस्तै ४८ घन्टाभित्रको पिसिआर नेगेटिभ रिपोर्ट भने अनिवार्य गरिएको छ ।

नेपालको विमानस्थलमा ऱ्यापिड पिसिआर परीक्षण गरेको हुनुपर्नेछ भने युएईको विमानस्थलमा अवतरण भएपछि पनि पिसिआर परीक्षण गर्नु पर्नेछ । त्यसैगरी क्वारेन्टाइनलगायत युएई सरकारले तोकेको अन्य स्वास्थ्यका मापदण्ड भने पालना गर्नुपर्नेछ । तर, नेपालबाट जाने यात्रुको विमानस्थलमा ऱ्यापिड पिसिआर परीक्षणको व्यवस्था नहुँदा दुबई उड्न विमानस्थल पुगेका यात्रुसमेत फर्किनु पर्ने बाध्यतामा रहेको बताइएको छ । बुधबार युएई जानका लागि त्रिभुवन विमास्थलमा पुगेका नेपालीहरू युएई जान नपाएपछि विमान खाली गएको बताइएको छ । नेपाल एयरलाइन्सले ऱ्यापिड पिसिआर परीक्षणको व्यवस्था नभएसम्म युएई जाने यात्रु नलैजाने बताइसकेको छ । जसले गर्दा यात्रु विमानस्थबाट घर फर्किनु परेको बताइएको छ ।

## महाधिवेशन सार्नेबारे कांग्रेसमा छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ दल नेपाली कांग्रेसमा १४औं महाधिवेशन सार्नेबारेमा छलफल तीव्र बनेको छ । आगामी १६ देखि १९ भदौसम्म हुने भनिएको महाधिवेशनको कार्यतालिका प्रभावित भइसकेको अवस्थामा पार्टीभित्र महाधिवेशन सार्ने विषयमा छलफल सुरु भएको हो । सभापति शेरबहादुर देउवालाई महाधिवेशन सार्ने विषयमा विभिन्न नेताहरूका साथै आफू पक्षीय केन्द्रीय पदाधिकारी तथा सदस्यहरूसँग पनि छलफल गरेका छन् ।

कांग्रेसमा क्रियाशील सदस्यता विवाद टुंगोमा नपुग्दा महाधिवेशनको कार्यतालिका प्रभावित भएको हो । हालसम्म क्रियाशील सदस्यता विवाद टुंगोमा पुगेको छैन । यस्तो अवस्थामा सभापति देउवासहित महामन्त्री डा.शशांक कोइरालालगायत नेताहरू महाधिवेशन सार्ने विषयमा सकारात्मक रहेका स्रोतको भनाइ छ । तर, वरिष्ठ नेता रामचन्द्र पौडेल भने निर्धारित मितिमै महाधिवेशन हुनुपर्ने अडान राखिरहेका छन् ।

कांग्रेसलाई २३ भदौभित्रै महाधिवेशन गरिसक्नुपर्ने संवैधानिक बाध्यता छ । कांग्रेसले २३ फागुन ०७२ मा १३औं महाधिवेशन सम्पन्न गरेको थियो । आगामी २३ भदौमा केन्द्रीय कार्यसमितिको कार्यकाल ५ वर्ष ६ महिना पूरा हुँदैछ । नेपालको संविधानको धारा २६९ उपधारा ४ अनुसार महाधिवेशन भएको ५ वर्ष ६ महिनाभित्र केन्द्रीय र प्रादेशिक कार्यसमितिको निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ ।

महाधिवेशन तोकिएको समयमा गर्न नसकिने स्थिति आएपछि सभापति देउवाले निजी निवास बूढानीकण्ठमा बुधबार शीर्ष नेताहरूको बैठक बोलाएका छन् । बिहीबार बस्ने केन्द्रीय कार्य समितिको बैठकका एजेण्डामाथि सहमति जुटाउन शीर्ष नेताहरू छलफलमा जुटेको सहमहामन्त्री प्रकाशशरण महतले जानकारी दिए । बिहीबारको बैठकमा महाधिवेशनको कार्यतालिकाका साथै निर्वाचन निर्देशिका प्रस्तुत गर्ने एजेन्डा छ ।

भदौ १६-१९ का लागि निर्धारित महाधिवेशनको कार्यतालिका प्रभावित भएपछि नयाँ कार्यतालिका ल्याउने विषयमा कांग्रेसमा सहमति जुट्न सकेको छैन । सभापति देउवाले भदौभित्र अधिवेशन उद्घाटन गरेर मंसिरभित्र महाधिवेशन सम्पन्न गर्ने गरी नयाँ कार्यतालिका ल्याउने तयारी गरेका छन् । तर, त्यसका लागि पार्टीभित्र सबै पक्ष सहमत भए मात्र नयाँ कार्यतालिका ल्याइने स्रोतले बताएको छ ।

यसअघि पाँचपटक कार्यतालिका संशोधन गरिसकेको भन्दै वरिष्ठ नेता पौडेल भने अब निर्धारितम मितिमै महाधिवेशन हुनुपर्ने अडानमा कायम रहेका छन् । भदौमा महाधिवेशन गर्न नसकिए विशेष महाधिवेशन गर्नुपर्ने पौडेलको अडान छ । भदौभित्र महाधिवेशन गर्न नसकिए पार्टी वैधानिक संकटमा पर्ने पौडेलको भनाइ छ । सोमबार बसेको पौडेल पक्षीय केन्द्रीय समितिको अनौपचारिक बैठकले पनि निर्धारित मितिमै महाधिवेशन गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।

## आवेदन लिने कार्य स्थगित

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदशिक रोजगारीका लागि तथा अन्य प्रयोजनका लागि वितरण गर्दै आएको क्युआर कोडसहितको विद्युतीय प्रमाणपत्रको आवेदन लिने काम स्थगित भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले बुधबार एक सूचना जारी गर्दै आवेदन लिने कार्य स्थगित भएको जनाएको हो ।

आवेदन दिएका व्यक्तिहरूको क्युआर कोडसहितको प्रमाणपत्र जारी नभएसम्मका लागि थप आवेदन लिने कार्य स्थगित भएको जनाइएको छ । भौतिक रूपमा उपस्थित भएर दिन आवेदन मात्रै स्थगित भएको तर, अनलाइनमार्फत आवेदन दिन सकिने केन्द्रले जनाएको छ । प्रमाणपत्र तयार भए, नभएको विषयमा अनलाइनबाट जानकारी लिन भन्दै अनावश्यक भनसुन नगर्नसमेत सूचनामा आग्रह गरिएको छ ।




# कर नतिर्नेको व्यवसाय बन्द

■ प्रभाव संवाददाता

**काठमाडौं**– काठमाडौं महानगरपालिकाले घरजग्गा तथा सम्पत्ति कर तिर्न अटेर गर्ने ठूला करदाताको व्यवसायमा रोक लगाउने तयारी गरेको छ । पटक-पटक ताकेता गर्दा र विवरण नै सार्वजनिक गर्दा पनि कर तिर्न आनाकानी गर्ने करदाताको सेवा बन्द गर्ने महागरपालिकाले चेतावनी दिएको हो । महानगरपालिकाले पछिल्लोपटक घरजग्गा र सम्पत्ति कर नतिर्ने ५२ ठूला करदाताको विवरण सार्वजनिक गरेको थियो । त्यसअघि २० ठूला करदाताको विवरण सार्वजनिक गरेको महागरपालिकाले नगरप्रहरीको सहयोगमा करदाताको कार्यस्थलमा कर तिर्न आग्रह गर्दै माइकिङसमेत गरेको थियो ।

तर, महानगरको पछिल्लो प्रयासले पनि कर असुलीमा अपेक्षाकृत प्रगति हुन नसकेपछि महानगर कानुनी कारबाहीतर्फ अघि बढेको हो । विगत २८ वर्षदेखि कर नतिर्ने करदातालाई सार्वजनिक सूचनामार्फत सम्पर्कमा आउन आग्रह गरिँदै आइएको थियो । गत १६ असारमा काठमाडौं महानगरपालिकाले पहिलो चरणमा कर तिर्न आनाकानी गरेका २० ठूला करदाताको नाम सार्वजनिक गरेको थियो । यसपछि केही सम्पर्कमा आए । आउनेमध्ये केहीले पहिलो किस्तास्वरूप केही रकम बुझाएका छन् भने केहीले विवरण पेश मात्र गरेका छन् । कतिपयले विवरण पेश गर्ने समय माग गरेका छन् भने कतिपय अझै सम्पर्कमा नआएका बताइएको छ ।

सूचना प्रकाशन गरिएकामध्ये केही अझै सम्पर्कमा नआएका महानगरपालिकाको राजस्व विभागले जनाएको छ । विभाग प्रमुख डा.शिवराज अधिकारीका अनुसार कर तिर्न अटेर गर्नेलाई कानुनी कारबाहीका दायरामा ल्याउने तयारी गरिएको छ । 'अटेर गर्नेलाई कानुनी कारबाही चलाउनुबाहेक विकल्प छैन,' उनले भने, 'अनुरोध र सूचनाको अटेर गर्नेको घर, पसल र व्यवसायमा शिलबन्दी गरेर सरकारी बाँकी सरह राजस्व असुली गर्ने हो ।'

सम्पर्कमा आएकामध्ये चार व्यापारिक प्रतिष्ठानले पहिलो चरणमा हालसम्म रु एक करोड ५३ लाख राजस्व बुझाएका छन् । यसरी दाखिला गर्नेमा सबैभन्दा बढी युनाइटेड बिल्डर्स एण्ड इञ्जिनियरिङ (वर्ल्ड ट्रेड सेन्टर)को रु. एक करोड छ । यससँगै बिल्डर्सका प्रबन्ध निर्देशक सन्दीप हिराचनले अगामी १२ दिनभित्र सम्पत्तिको मूल्यांकन गरेर तिर्नुपर्ने कर दाखिला गर्ने गरी विभागमा निवेदन दिएको महानगरले जनाएको छ ।

यसैगरी काठमाडौं- १४ मा अवस्थित नेशनल हस्पिटलले रु.२४ लाख र सोही वडाको सहिद मेमोरियल हस्पिटलले रु १९ लाख २० हजार दाखिला गरेका छन् । नाम सार्वजनिक भएपछि वडा ११ को एनआरटी क्लबले रु १० लाख बुझाएर गरेर बाँकी रकम तिर्ने प्रतिबद्धता जनाएको छ । धेरै करदाताले आफ्नो विवरणसमेत दिन मानेका छैनन् । विवरण दिएपछि कानुनीरूपमा करको दायरामा आउनुपर्छ भन्ने डरले ठूला करदाता सम्पर्कमा नै आउन नमानेको बताइएको छ । विगत २८ वर्षदेखि कर तिर्न आलटाल गरिरहेका करदाताबाट विभागले रु ७० करोड असुल गर्ने लक्ष्य लिएको छ ।

विभागका अनुसार समयमा नै कर तिरेन भने प्रत्येक वर्ष १० प्रतिशतका दरले जरिबानास्वरूप रकम वृद्धि हुँदै जान्छ । विभागले दुई वर्षदेखि कारोनाका कारण करदातामा समस्या परेको जनाउँदै जरिबाना करमा छुट दिएको छ । यसो गर्दा पनि करदाता सम्पर्कमा नआएपछि काठमाडौं महानगरपालिकाले पटक-पटक ताकेता थालेको हो । करदाताकै सहजताका लागि महानगरले गत १ असोजदेखि अनलाइन प्राणलीमार्फत राजस्व संकलन गरिरहेको छ । हाल अनलाइनमार्फत १६० करदाता जोडिएका छन् ।

# दुई निकायसँग भगिनी सम्बन्ध स्थापित

■ प्रभाव संवाददाता

**काठमाडौं**– सबै प्रदेशमा भगिनी सम्बन्ध स्थापित गर्ने तयारी गरेको काठमाडौं महानगरपालिकाले थप दुई स्थानीयतहसँग भगिनी सम्बन्ध स्थापित गरेको छ । काठमाडौं महानगरपालिकाले प्रदेश १ र सुदूरपश्चिम प्रदेशको नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गरेको हो । यसअघि वाग्मती, कर्णाली र लुम्बिनी प्रदेशका नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गरिसकेको छ ।

पछिल्लोपटक काठमाडौं महानगरपालिकाले प्रदेश १ को पाख्रीबास नगरपालिका र सुदूरपश्चिम प्रदेशको अमरगढी नगरपालिकासँग सम्बन्ध स्थापना गरेको छ । काठमाडौं महानगरपालिकाले दिएको जानकारीअनुसार भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य तथा अमरगढी नगरपालिकाका तर्फबाट विश्वेश्वरप्रसाद ओझा र पाखीबास नगरपालिकाको तर्फबाट बृषबहादुर राईले हस्ताक्षर गरेका छन् ।

मैत्रीपूर्ण सम्बन्धमार्फत संस्थागत प्रणालीलाई अझ सुदृढ र सबल बनाउने, आपसी हित र सहकार्यलाई बढावा दिने, असल अभ्यास र अनुभवको आदान-प्रदान गरी स्थानीय स्वायत्त शासन, स्वशासन र समृद्ध नगर निर्माणको अभियानमा आपसी समन्वय, साझा प्रयत्न र सहकार्य गर्ने उद्देश्यले दुई नगरबीच भगिनी सम्बन्ध स्थापनाको गरिएको प्रमुख शाक्यको भनाइ छ ।

स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को दफा २६ को खण्ड (ट) को कानुनी व्यवस्थाबमोजिम संघीय राजधानी काठमाडौंमा रहेको ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्वका विषयमा काठमाडौंले भगिनी सम्बन्ध स्थापनाको कार्यलाई अघि बढाएको हो । काठमाडौंले भगिनी सम्बन्ध स्थापनासँगै नगर-नगर साझेदारी कार्यक्रमअन्तर्गत पाख्रिबास नगरपालिकाको सुन्तले डाँडाको धार्मिक तथा पर्यटकीय क्षेत्र विकासका लागि त्यहाँ उद्यान निर्माण गर्न रु एक करोड ५० लाख सहयोग गर्ने भएको छ ।

त्यसैगरी अमरगढी नगरपालिकाको वडा नं २ र ५ मा अवस्थित अमरगढी उद्यान निर्माणका लागि रु एक करोड ५० लाख सहयोग गरेको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको मिति २०७८/०४/२७ गते अर्थात् वर्ष ८ अंक १०८, मा प्रकाशित Reliance Recruitment Services Pvt.ltd. को विज्ञापनमा LT.No. 243687 को विज्ञापनमा अन्तरवार्ता हुने स्थान र मिति: **प्रि-अन्तरवार्ता : मेनपावर कार्यालयमा, काठमाडौंमा साउन २७ देखि भदौ १ गतेसम्म** (11 To 17th Aug 2021) **मा र फाइन अन्तरवार्ता : भदौ २ गतेदेखि १० गते सम्म** (18 & 19th Aug .2021) **मा हुनेछ** हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्याइएको छ ।

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email: info@relianceservice.com.np, Website: www.relianceservice.com.np



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०७८/०३/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **इनभिजन ट्रेडर्स प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल श्रीसम्पत्ती तथा तिर्नुपर्ने कर दायित्व आदी परिवर्तित नामको **इनभिजन कर्प प्रा. लि.** कम्पनीले सकार्ने व्यहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०४/१० को निर्णयानुसार नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**इनभिजन कर्प प्रा. लि.**, बुढानिलकण्ठ न.पा.१०


# कारण देखाउ आदेश जारी

**काठमाडौं (प्रसं)**– सर्वोच्च अदालतले महाकवि लक्ष्मीप्रसाद देवकोटाको घर भत्काउनुपर्नाको कारण पेश गर्न नेपाल प्रज्ञा प्रतिष्ठान लगायतका निकायका नाममा आदेश जारी गरेको छ । पूरातात्त्विक महत्त्वको घर भत्काएको भन्दै अधिवक्ता सञ्जय अधिकारीले दर्ता गरेको निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश तेजबहादुर केसीको इजलासले बुधबार प्रज्ञा प्रतिष्ठानलगायतका विपक्षीसँग लिखित जवाफ माग गरेको हो ।

रिट निवेदकले घर भत्काउन रोक लगाउन अन्तरिम आदेश माग गरे पनि सर्वोच्चले अन्तरिम आदेश दिएन । रिट निवेदनमा पूरातात्त्विक महत्त्वको घर भत्काउनु गलत भएको भन्दै त्यसले महाकविसँग जोडिएको धरोहर नाश हुने भएकाले संरक्षण गर्न आदेश हुनुपर्ने माग गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Bunyan Al Jyed General Contracting Est
पुर्व स्वीकृति मिति : २०७८/०३/२१ पुन विज्ञापन स्वीकृति मिति : २०७८/०४/२७ LT No :241645 चलानी नं. ६०१५९६७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 14 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL Bunyan Al Mutamayyizah General Contracting Est
पुर्व स्वीकृति मिति : २०७८/०४/०८ पुन विज्ञापन स्वीकृति मिति : २०७८/०४/२२ LT No :241646 चलानी नं. ६०१६०८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 15 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ३ र ४ गते (19 & 20th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COFFEE LINE EST.
पुर्व स्वीकृति मिति २०७८/०४/२७ LT. No. 243765 चलानी नं. ६०१६१३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1500 | ४७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COFFEE LINE EST.
पुर्व स्वीकृति मिति २०७८/०४/२७ LT. No. 243763 चलानी नं. ६०१६१३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 4 | 0 | 1500 | ४७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ३ गते (191th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sugam Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ८३८/०६६/०६७
Dhapasi-08, Samakhushi (Ring Road), Kathmandu, Nepal
Tel: +977-1-4386106, Fax: +977-1-4364366 E-mail: info.sugam@gmail.com, info@sugamoverseas.com.np, Web: www.sugamoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROYAL BRAVO RESTAURANT
पुर्व स्वीकृति मिति :२०७८/०२/१० पून : विज्ञापन स्वीकृति मिति :२०७८/०४/२७ LT. No. 239966 चलानी नं. ६०१५८४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ४८,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | JUICE MAKER | 1 | 0 | 1500 | ४८,७६५ | | | | | | | |
| 3 | Labourer | 2 | 0 | 1000 | ४८,७६५ | | | | | | | |
| 4 | waiter | 1 | 0 | 1500 | ४८,७६५ | | | | | | | |
| 5 | GENERAL CLEAN WORKER | 1 | 0 | 1000 | ३२,५१० | | | | | | | |

कम्पनी : ZENITH ELECTROMECHANICAL CONTRACTING
पुर्व स्वीकृति मिति :२०७७/१२/०७ पून : विज्ञापन स्वीकृति मिति :२०७८/०४/२७ LT. No. 238738 चलानी नं. ६०१५६९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३२,५१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1200 | ३९,०१० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1500 | ४८,७६५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ३ गते (19th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | कामदार आफैंले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd. (Avinash Int. Overseas Pvt. Ltd.)
श्रम इजाजत नं. ६०४/०६६/०६७ Basundhara, Dhapsi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Ewan International Recruitment Co.
पूर्व स्वीकृति मिति:२०७६/११/१६ पून विज्ञापन स्वीकृति मिति:२०७८/०४/२७ LT. No.234039 चलानी नं.६०१५०२३४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 71 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ३ गते (19th Aug 2021) मा हुनेछ ।**

कम्पनी : SAS DEVELOPMENT CONTARCTING COMPANY
पूर्व स्वीकृति मिति:२०७८/०३/२३ पून विज्ञापन स्वीकृति मिति:२०७८/०४/२७ LT. No.242777 चलानी नं.६०१५०२३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Factor | 22 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ३ देखि ५ गते सम्म (19 to 21th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



सच्याइएको
## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORYX VILLAGE RESTAURANT
पूर्व स्वीकृति मिति :२०७७/११/१० पून विज्ञापन स्वीकृति मिति : २०७८/०४/२६ LT. No. : 236159 चलानी नं. : ६०१६०९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF | 1 | 0 | 1500 | ४८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DRIVER | 1 | 0 | 2200 | ७१,७६५ | | | | | | | |
| 3 | WAITER | 2 | 0 | 1400 | ४५,६६५ | | | | | | | |
| 4 | GEN CLEAN WORKER | 1 | 0 | 1000 | ३२,६२० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भाद्र २ गते (18th Aug. 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Gurung Magar Services Pvt. Ltd.
G.P.O. Box: 8975, E.P.C. 2635, Basundhara-8, Ktm. Nepal
Tel: +977-1-4386897,+977-15903411 , +977-15903412 , 9851002414 , 9849886526, 9813152328 .
regards Email: gmservicesnepal@gmail.com
Website : www.gurungmagarservices.com
Govt. Lic. No. 851/066/067



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Nozha Shopping Company for Wholesale and Retail Trade
पूर्व स्वीकृति मिति :२०७८/०४/२७ LT. No.243675 चलानी नं. ६०१६१३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING LABOUR | 15 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Shama Modern Trading Est
पूर्व स्वीकृति मिति :२०७८/०४/२७ LT. No.243698 चलानी नं. ६०१६१३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE POLISHING WORKER | 4 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Husain Bin Abdullah Bin Saleh Al Omran Steel & Aluminium Workshop
पूर्व स्वीकृति मिति :२०७८/०४/२७ LT. No.243680 चलानी नं. ६०१६१३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 2 | 0 | 1200 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Mohammed S. Al-Awad Factory For Cement Products
पूर्व स्वीकृति मिति :२०७८/०४/२७ LT. No.243700 चलानी नं. ६०१६१३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 3 | 0 | 1200 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ०३ गते (19th Aug. 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sky Blue International Overseas Pvt.ltd.
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4492660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np

# अवैध बालुवा लिलाम गरिने



**पर्वत–** पर्वतको जलजला गाउँपालिकाले कालीगण्डकी नदीबाट अवैधरूपमा उत्खनन् गरी निकालिएको बालुवा र गिट्टी लिलाम गर्ने भएको छ ।

सर्वोच्च अदालतको अन्तरिम आदेशविपरीत कालीगण्डकी नदीको बगरबाट अवैधरूपमा उत्खनन् भएको बालुवा सो गाउँपालिकाले जफत गरी लिलाम गर्ने भएको हो । गाउँपालिकाको मंगलबार बसेको कार्यपालिका बैठकले बर्षायाममा कालीगण्डकी नदीको बगरबाट उत्खनन् गरिएको बालुवा प्राविधिक टोलीबाट नापजाँच र मूल्यांकन गरी प्रतिस्पर्धाबाट बढीबढाउमा लिलामी गर्ने निर्णय गरेको हो ।

यसअघि गत ५ असारको कार्यपालिका बैठकले ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को दफा (४) १३ बमोजिम ठेक्का लगाउने निर्णय कार्यान्वयनका क्रममा सर्वोच्च अदालतले फैसला नहुँदासम्मका लागि कालीगण्डकीको बगर उत्खनन रोक्न तीनै तहका सरकार र तिनका निकायलाई अन्तरिम आदेश जारी गरेपछि रोकिएको थियो ।

संघीय, प्रदेश र स्थानीय सरकारको निर्णय अटेर गरी व्यवसायीले नदी उत्खनन गरेर भण्डारण गरेको बालुवालगायत नदीजन्य सामग्री जफत गरी सार्वजनिक खरिद ऐनअनुसार लिलाम गर्न लागिएको गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्लले बताए । 'यसअघि पटक-पटक बन्द गराए पनि अटेरी गरेर मिलनचोकमा सञ्चालन गरेको अवैध क्रसर बन्द गराउन, उत्खनन् रोक्न र त्यहाँका सामग्री जफत गर्न प्रहरी प्रशासनलाई पत्राचार गर्ने निर्णय गरेका छौँ' उनले भने, 'त्यस्ता अवैध क्रसर उद्योगको विद्युत् लाइन काट्न पनि पत्राचार गर्छौं ।'

जलजलाको लामाखेत, मिलनचोक, केराबारी, लस्ती, फर्सेलगायतका ठाउँमा एक्साभेटरको प्रयोग गरी कालीगण्डकीबाट ठूलो परिणाममा बालुवा निकालेका छन् । वर्षायामको तीन महिनामा बगेर खेर जाने बालुवालाई आयस्रोतका रूपमा रूपान्तरण गर्ने, चोरी निकासी रोक्ने उद्देश्यले न्यूनतम तीन करोड बराबरको नदीजन्य वस्तु उत्खनन् र निकासी गर्न गाउँपालिकाले अघि बढाएको ठेक्का प्रक्रिया सर्वोच्चको अन्तरिम आदेशपछि रोकिएको थियो ।

कार्यपालिका बैठकले जलजलाको हालका ५, ६, ७ र ८ नं वडालाई दुई/दुई वटामा विभाजन गर्ने र नगरपालिकामा स्तरोन्नति गर्ने गाउँसभाको निर्णय कार्यान्वयनका लागि प्रदेश र संघीय सरकारलाई सिफारिस गर्ने, गाउँपालिकाका सबै कर्मचारीलाई दिवाकालीन खाजाको व्यवस्था गर्ने निर्णय गरेको छ ।

गाउँपालिकाका प्रवक्ता देविन्द्र भण्डारीले लामाखेतमा इलाका प्रहरी कार्यालय बनौ र मल्लाजमा प्रहरी चौकी स्थापना गर्न गृह मन्त्रालयमा माग गर्ने, वडा नं ८ नाग्लीबाङका वडाध्यक्ष हरिविकास जिसीको नेतृत्वमा नाग्लीवाङ स्वास्थ्य चौकीअन्तर्गत सञ्चालन हुने गरी समुदायस्तरबाट संकलित रकमसहित तथा लेकफाँट र शालीजाका लागि गाउँपालिकामार्फत खरिद हुन लागेका दुईवटा एम्बुलेन्सको भन्सार छुटको व्यवस्था मिलाउन प्रक्रिया अघि बढाउने निर्णय पनि गरेको उनले बताए ।

यसैगरी बैठकले फर्से र डाँडाखोरको स्वास्थ्य एकाइमा स्थायी दरबन्दी सिर्जना गराउन, लुप्राङ, पूर्णगाउँको ओरखरबोट, बारीबेनी र मिलनचोकमा थप स्वास्थ्य एकाइ स्थापनाका लागि दरबन्दी व्यवस्था मिलाउन प्रदेश र संघीय सरकारको स्वास्थ्य मन्त्रालयमा प्रस्ताव गर्ने निर्णय गरेको छ । धाइरिङको किराखोरका पहिरोपीडितलाई भुरुङजा र डडुवाको चौरमा स्थानान्तरण गर्न जग्गा प्राप्ति प्रक्रिया अघि बढाउने र अन्य ठाउँका पहिरापीडितलाई सामुदायिक भवन तथा सार्वजनिक जग्गामा अस्थायी टहरा बनाएर बसोबासको व्यवस्था मिलाउने निर्णय पनि कार्यपालिकाको बैठकले गरेको बताइएको छ । रासस

# बोनम्यारो पीडितलाई सहयोग हस्तान्तरण

■ प्रभाव संवाददाता



**काठमाडौं–** बोनम्यारो पीडित दैलेख भगवति गाउँपालिका-२ निवासी दिनेश शाहीका छोरा ११ वर्षीय सुशिल शाहीलाई उपचारको लागि युनिक स्वयंसेवक नेपालले आर्थिक सहयोग गरेको छ । बुधबार राजधानीमा पत्रकार सम्मेलन गर्दै युनिक स्वयंसेवक नेपालले बिरामी शाहीको उपचारको लागि पूर्वमन्त्री कुन्तीकुमारी शाहीमार्फत १५ लाख ८५ हजार ५ सय ५५ रूपैयाँ हस्तान्तरण गरेको हो ।

अध्यक्ष एजिला बस्नेत रहेको यस संस्थाले उक्त रकम बिरामी बालकको उपचारमा व्यवस्थापकीय भूमिका निभाउँदै आएकी तथा पूर्वमन्त्री शाहीलाई हस्तान्तरण गरेको हो । बालकको हाल काठमाडौंस्थित सिभिल अस्पतालमा उपचार भइरहेको छ । कार्यक्रममा बोल्दै मन्त्री शाहीले बालकको परिवारको अवस्था कमजोर भएको, उपचारमा ठूलो रकम लाग्ने र त्यो रकम घरपरिवारबाट सम्भव नभएकोले आफूहरूले उपचारको लागि आवश्यक खर्चको बन्दोबस्दो गरेको सुनाइन् ।

उनले बालकको परिवारको आर्थिक अवस्था कमजोर भए पनि आफूले उपचारमा कुनै कमी हुन नदिने प्रतिवद्धता गरिन् । उनले राजनीतिकमात्र नभएर सामाजिक कार्यमा पनि अग्रसर हुनुपर्ने बताइन् । उपचारमा आर्थिक सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै बच्चाको शल्यक्रिया चाँडै नै सम्पन्न गर्नेसमेत जानकारी दिइन् । बच्चालाई नयाँ जीवन दिनको लागि आफूले हरसम्भव भएसम्म लाग्ने प्रतिवद्धतासमेत दोहोऱ्याइन् । कार्यक्रममा रिपोर्टर्स क्लब नेपालका अध्यक्ष ऋषि धमलाले बिरामी बालकको स्वास्थ्य लाभ गर्दै उपचारार्थ चलाइएको अभियानलाई साथ र सहयोग गर्ने बताए । दैलेखी सेवा समाजका अध्यक्ष प्रताप शाहीले दैलेखको बच्चालाई आफू र समाजको तर्फबाट सहयोग गर्ने बताए । उनले बालक बचाउने अभियानलाई साथ र सहयोग गर्ने स्पष्ट पारे ।

कार्यक्रमको अन्तिममा युनिक स्वयंसेवक नेपालको तर्फबाट बोल्दै सरोज कार्कीले बिरामी बच्चालाई सहयोग गर्न पाउँदा खुसी लागेको बताए । बालकको चाँडोभन्दा चाँडो शल्यक्रिया होस् भन्दै सफल अपरेशनको कामना गरे ।

कार्यक्रममा सामाजिक अभियन्ता तथा कार्यक्रमका संयोजक चक्रबहादुर चन्दले प्राप्त भएको सहयोग रकम बालकको शल्यक्रियामा प्रयोग गरिने बताए । उनले बालकका बाबु बोल्न नसक्ने अवस्थामा रहेको बताउँदै उपचारमा २६/२७ लाख रूपैयाँ लाग्ने बताए । चन्दले अस्पतालमा बालकको शल्यक्रियाको मिति नपाएको गुनासो गर्दै भने, 'डेटको लागि रिक्वेस्ट गरिरहेका छौं ।' बच्चाको उपचारको लागि जम्मा भएको रकम बालकको नाममा रहेको बैंक खातामा रहेको समेत चन्दले जानकारी दिए । कार्यक्रमको अन्त्यमा पूर्वमन्त्री शाहीले दैलेखी समाजको तर्फबाट युनिक नेपाललाई धन्यवाद दिँदै सम्मानपत्र प्रदान गरेकी थिइन् ।

# बाढीले बगाएका घर पुनर्निर्माण

**बलेवा–** गत वर्षको १७ भदौमा भुजीखोलामा आएको बाढीसँगैको पहिराले पूर्ण क्षति भएका निजी आवास पुनर्निर्माण गर्न थालिएको छ । झण्डै एक वर्ष अर्काको घरमा शरणमा बसेका पीडितले नगरपालिकाको सहयोगमा पुनर्निर्माण गर्न थालेका हुन् ।

बाग्लुङको ढोरपाटन नगरपालिका-९ बोबाङका बाढीपहिरो पीडितका लागि नगरपालिकाले आवास निर्माण गर्न सहयोग गरेकाले काम अघि बढाइएको स्थानीय पीडित लालमाया घर्तीले बताए । संघीय सरकार र प्रदेश सरकारको कार्यक्रम पर्खिएकामा नगरपालिकाले बिलम्ब भएको भन्दै दामासाहीले पीडितहरूलाई अनुदान उपलब्ध गराएर घर निर्माण गर्न लगाएको हो ।

बाढी-पहिरापछि दाताहरूबाट संकलित झण्डै दुई करोड ४६ लाख सहयोग र नगरको बजेटसमेतबाट ९७ पीडित परिवारका घर निर्माणको काम थालिएको नगरप्रमुख देवकुमार नेपालीले बताए । बाढी र पहिराका कारण विस्थापित १३० परिवार घर पूर्ण क्षति भएकामा ९० घरपरिवारले धमाधम घर बनाइरहेका छन् । आंशिक क्षति भएर पनि बस्न नमिल्ने अवस्थामा रहेका सात घर पनि प्राप्त भएको रकमले बन्दैछ । 'प्रत्येक घरका लागि दुई लाख रूपैयाँका दरले अनुदान उपलब्ध गराएका छौँ, सोही रकमबाट उहाँहरू घर बनाउँदै हुनुहुन्छ', उनले भने, 'सरकारले दिने भनेको अनुदानमा प्रक्रिया पुऱ्याउनै कठिन भएकाले तत्कालको समस्या टार्नेतर्फ लाग्यौं ।'

'एकपटक ५० हजार दिएको थियो, फेरि एक लाख ५० हजार दियो, के गर्ने त्यतिले घर बन्दैन, नाक र कानमा लगाएको सुन बेचेरै भए पनि घर बनाउँदैछु', वडा नं. ९ बोबाङकी पीडित लालमाया घर्तीले भने, 'उता बाढी यता पहिराको डर, छिमेकीको जग्गामा घर बनाउन लागेकी छु, त्यो पनि उधारोमा जग्गा लिएर ।'

सरकारले संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा पहाडी क्षेत्रमा बाढी-पहिराका कारण पूर्ण क्षति भएका घरका लागि चार लाख अनुदान दिने नीति बनाएको थियो, जसमा मनसुनजन्य विपद प्रभावित पुनर्निर्माण पुनर्स्थापना कार्यक्रमअन्तर्गत संघीय सरकारको ६०, प्रदेश सरकारको ३० र स्थानीय सरकारको १० प्रतिशत सहभागितामा मात्रै अनुदान दिने व्यवस्था छ । सो नीतिअनुसार स्थानीय तहले प्रक्रिया पुऱ्याउन नसक्दा अनुदान उपलब्ध गराउन नसकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

'असारको अन्तिममा बजेट आयो, फ्रिज नहुने बजेट हो', उक्त कार्यालयका सूचना अधिकारी गणेश गौतमले भने, 'प्राविधिकले अध्ययन गरेर सूची तयार पार्ने र एप्लिकेशनमा प्रविष्ट गर्ने काम गर्नुभएको छ, सोहीअनुसार अनुदानको कार्यक्रम अघि बढ्छ' ।

बडिगाड गाउँपालिकाका ३१ लाभग्राहीको भुक्तानी प्रक्रिया सुरु भएको छ । दुई पालिकाबाहेकका पीडितहरूको फाइल तयार गर्न स्थानीय तहले ढिलाइ गरेका कारण अनुदान रोकिएको उनले बताए । नगरपालिकाले पनि अनुदानका लागि एप्समार्फत भर्नुपर्ने विवरण भरेर फाइल तयार गरेको छैन । गत वर्ष १७ भदौमा भुजीखोलामा आएको बाढी-पहिराबाट २२ को मृत्यु र १५ जना बेपत्ता भएका थिए । रासस


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Zimco Transportation and Contracting

पुर्व स्वीकृति मिति : २०७८/०४/२६ LT. No.243628 चलानी नं.६०१६१३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 2 | 0 | 1000 | ३२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ३ गते (19 th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ELITE GURKHAS
**Elite Gurkhas Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.५३५/०६१/०६२
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALID M. AL ZLAIQ GENERAL CONT. EST.

पूर्व स्वीकृति मिति २०७८/04/२५ LT. No. 243688 चलानी नं.६०१६१२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTOR | 11 | 0 | 1000 | ३१,६७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | PUBLIC CAR DRIVER | 2 | 0 | 1500 | ४७,५०५ | | | | | | | |

**प्रि-अन्तरवार्ता : मेनपावर कार्यालयमा, काठमाडौंमा साउन २७ देखि भदौ १ गतेसम्म (11 To 17th Aug 2021) मा र फाइन अन्तरवार्ता : भदौ २ गतेदेखि १० गते सम्म (18 & 19th Aug .2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RELIANCE
**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email: info@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Nehaa Kaman Jumayan Al-Mutairi Restaurant for Meals

पूर्व स्वीकृति मिति : २०७८/०४/२७ LT. No. 243813 चलानी नं. ६०१६१३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 2 | 0 | 1300 | ४१,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Waffle Maker Trading Company

पूर्व स्वीकृति मिति : २०७८/०४/२७ LT. No. 243789 चलानी नं. ६०१६११९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectionery Maker | 1 | 0 | 1500 | ४७,३४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee provider | 1 | 0 | 1500 | ४७,३४० | | | | | | | |

कम्पनी : Marsa al diyafah trading company

पूर्व स्वीकृति मिति : २०७८/०४/२२ LT. No. 243317 चलानी नं. ६०१६१३९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef assistant | 2 | 0 | 1500 | ४७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ३ गते ( 19th Aug 2021 ) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com



## कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनोट गर्ने आशयको सूचना

**प्रकाशित मिति :-२०७८/०४/२८ गते**

यस कृष्णपुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको मिति २०७८/०३/०१ गतेको राष्ट्रिय दैनिक पत्रिका, अनलाईन पोर्टल, कार्यालयको वेबसाइट र सूचना पाटीमा प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचनाबमोजिम तपशिल बमोजिमका कार्यहरू गर्न उल्लेखित म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम ठहरी स्विकृतिका लागि छनोट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नम्वर | कामको विवरण | छनौट भएको दरभाउपत्र दाता | कबोल अंक ( मु.अ.कर बाहेक ) रु. |
|---|---|---|---|
| 46-RBT-2077/078 | वडा नं. १, २ र ३ भित्रका सडक कालोपत्रे गर्ने कार्य (ठेक्का घटाघट भई बचत रहेको रकमबाट) | श्री ठाकुर कन्स्ट्रक्सन, भीमदत्त न.पा. १८, कञ्चनपुर | २३,९४,४६०।- |
| 47-RBT-2077/078 | वडा नं. ४, ५ र ६ भित्रका सडक कालोपत्रे गर्ने कार्य (ठेक्का घटाघट भई बचत रहेको रकमबाट) | श्री नागार्जुन कन्स्ट्रक्सन, भिमदत्त न.पा. ०६, कञ्चनपुर | ३६,८८,५४५।- |
| 48-RBT-2077/078 | वडा नं. ७, ८ र ९ भित्रका सडक कालोपत्रे गर्ने कार्य (ठेक्का घटाघट भई बचत रहेको रकमबाट) | श्री वाई बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स, बेदकोट न.पा. ०३, कञ्चनपुर | २५,२७,५३०।- |

अन्य सबै बोलपत्र दाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ ।

**- प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# खुवालुङमाथिको आक्रमण अशोभनीय

नेपालको आदिवासी जनजाति समुदाय किरातहरूको सांस्कृतिक महत्त्व बोकेको खुवालुङ ढुंगाको संरक्षण आवश्यक छ। खुवालुङ ढुंगा मात्रै होइन, यो त किरात समुदायको संस्कृतिसँग, मन्धुम र सभ्यतासँग जोडिएको ढुगा भएकाले यसको संरक्षणका लागि राज्यको तर्फबाट नै विशेष पहल हुनुपर्छ। यो देश सबैको साझा हो, यहाँ सबै समुदायको उत्तिकै अधिकार छ। यहाँ सबैले आफ्नो धर्म, संस्कृति मान्ने अधिकार छ। कोही कसैको धर्म, संस्कृतिमाथि प्रहार गर्न पाईँदैन। खुवालुङ भन्नेबित्तिकै किरात समुदायको पुर्खा र उनीहरूको संस्कृतिसँग गाँसिएको कोही कसैलाई अप्ठ्यारो भएको भन्दैमा यसलाई फुटाउन पाईँदैन। प्रकृति पूजक किरातहरूको विश्वासको धरोहरका रूपमा मान्दै आएको खुवालुङमाथि आक्रमण गर्ने हक कोही कसैमाथि छैन। यो देशको सबै संस्कृति यो देशको सम्पत्ति हो, त्यसमा झन् किरात धर्म भन्नेबित्तिकै ओमकार धर्महरूमध्ये सबैभन्दा पुरानो धर्मका रूपमा स्वीकार गरिएकाले यो धर्मसँग जोडिएका सबै अवयवहरूको संरक्षण आवश्यक छ।

धनकुटा, भोजपुर र उदयपुर जिल्लाको सीमानामा अरुण, तमोर र दूधकोसीको संगममा रहेको ठूलो ढुंगा खुवालुङको नामले प्रसिद्ध छ। संघीय सरकारले जल यातायात सञ्चालनका लागि उक्त ढुंगा फुटाउने बताउँदै आएको थियो। तर किरात समुदायले आफूहरूको संस्कृतिसँग जोडिएको भन्दै फुटाउन नहुने माग गरेका छन्। किरातहरूको मुन्धुममा बारम्बार आउने खुवालुङमाथि आक्रमण गर्न पाईँदैन बरु त्यस ठाउँको संरक्षण गर्नुको विकल्प छैन। संघीय सरकारको बजेटमा जलयातायात सञ्चालनमा रहेको अवरोध हटाउने उल्लेख भएकाले किरात समुदायले खुवालुङ फुटाउन खोजेको भन्दै विरोध जनाइसकेका छन्। संघीय सरकारले बजेट भाषणमार्फत किरात धर्म संस्कृतिसँग जोडिएको सप्तकोसीको नदी बीचमा पर्ने खुवालुङ फुटाउने योजनाको प्रदेश १ सरकार काउन्टर दिएको छ। जुन कदमलाई प्रशंसा गर्नैपर्छ। किरात धर्मसंस्कृतिसँग जोडिएको खुवालुङ फुटाउनेभन्दा पनि संरक्षण गर्नतिर लाग्नुपर्छ।

वास्तवमा खुवालुङका बारेमा सस्तो, गलत र भ्राम्रक प्रसार गरी राजनीतिककरण गरी फाइदा उठाउन खोजिएको छ। खुवालुङ भन्नेबित्तिकै ढुंगा मात्र नभएर किरातहरूको संस्कृतिसँग जोडिएको धरोहर भएको नाताले त्यसको संरक्षणमा सरकार जुट्नैपर्छ। सदियौँदेखि किरात समुदायले मान्दै आएको धरोहरलाई जलयातायातमा अप्ठ्यारो परेकाले फोड्ने योजना बनाउनु गलत हुने छ। सदियौँदेखिको यो धरोहरलाई संरक्षण गर्नु राज्यको कर्तव्य हो। बरु किराती संस्कृति, सभ्यता र मुन्धुमसँग जोडिएको सप्तकोसी नदीमा अवस्थित खुवालुङ ढुंगाको संरक्षण गर्दै जल यातायातसँगै त्यस क्षेत्रलाई ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक पर्यटकीय केन्द्रको रूपमा संरक्षण र विकास गर्न आवशयक छ। कोसी नदीको चतरादेखि भोजपुरसम्म जलयातायात सञ्चालन गर्न जलमार्गमा रहेको अवरोध हटाइने बजेट भाषणमा उल्लेख गरेपछि यो विषय विषय झन् विवादित बनेको हो। तर, त्यसो भयो भने नागरिक प्रतिरोधको सामना गर्नुपर्ने हुन्छ। आइएलओ १६९ अनुसार पनि स्थानीयको स्विकृतिबेगर उक्त ऐतिहासिक सम्पदा खुवालुङ फुटाउन पाईँदैन। किरात समुदायको धर्ममाथि आक्रमण भयो भने राज्यले ठूलो क्षति बेहोर्नुपर्ने हुनसक्ने हुनाले सरकारले ध्यान दिनु आवश्यक छ।

# हिन्दू आन्दोलन र राप्रपा महाधिवेशन



घिउकुमारी बस्नेत

मुलुकको वर्तमान अवस्थालाई विश्लेषण गर्दा राजनीतिक स्थिति हेर्दा विडम्वना पूर्ण छ। चित्त बुझाउने ठाउँ छैन। केही वर्षअघि जनताले कम्युनिस्ट पार्टीहरूलाई झण्डै दुई तिहाइ बहुमत दिएर पठाएका थिए। तर, उनीहरूले कालान्तरमा जनतामाथि विश्वासघात गरेका छन्। आपसमै फुटे। यति बेला कम्युनिस्टहरूबीच नै आरोप प्रत्यारोप गरिरहेका छन्। विगत तीन वर्षमा जनताले यस्तै नौटंकीको अपेक्षा गरेका थिए त ? ०६२/६३ को आन्दोलनपछि हामीले कल्पना गरेका सिंगापुर र स्विजरल्यान्ड यहि हो त ? आज हामीले सत्य रूपमा भन्नुपर्दा ०६२/६३ अघि हामी कुन दिशामा हिँडेका थियौँ र अहिले कहाँ पुगेका छौँ। यो यतिबेला मूल्यांकन गर्ने बेला आएको छ। इमान्दार रूपमा भन्दा हामीले हाम्रो अभिभावक गुमाएका छौँ। हाम्रो धर्म संस्कृतिमाथि दिनानुदिन आक्रमण भइरहेको छ। त्यसैले सम्पूर्ण राष्ट्रवादी, राजावादी, हिन्दूवादीलगायत संघसंस्था एकजुट भई हाम्रो धर्म संस्कृतिलाई फेरि स्थापित गर्नु पर्छ। हाम्रो अभिभावक राजासहितको हिन्दू राजसंस्था चाँडोभन्दा चाँडो स्थापना गर्नुपर्छ। यो अहिलेको समयको माग पनि हो। यहि बटनलाइनमा हामी अघि बढिरहेका छौँ। अब अहिलेको अवस्था धेरै दिन टिक्दैन। विदेशीको दानापानी खाएर नेपालमा जुन उन्माद मच्चाइरहेका छन्, अब तिनीहरूको दिन समाप्त भयो।

विदेशीले नेपाली राजनीतिमा खेलिरहेको छन्। ग्लोबमा एकाधिकार जमाउने शिलशिलामा अमेरिका, बेलायत, युरोपेली युनियन, दक्षिण कोरिया, जर्मनीलगायत एकमाना सरकार ठूलो पार्टी भएको रुचाउँदैनन्। अस्थिर राजनीतिबाट मात्र उनीहरूको स्वार्थ पूरा हुने कारणले गर्दा नेपालमा अहिलेको अवस्था सिर्जना गराइएका छन्। पार्टीहरूमा द्वन्द्व बढाउने काम विदेशी चलखेलबाटै भएको छ। यस्तै भारतले पनि जवहारलाल नेहरू, वल्लभभाइ पटेलको पालादेखि नेपालमा तीन कुरामा आफ्नो पक्षमा पार्न खोजिरहेको देखिन्छ। ती तीन कुरा भनेको परराष्ट्र, सुरक्षा र जलस्रोतमा कब्जा गर्ने रणनीतिअन्तर्गत हो।

यो तीन कुरालाई कांग्रेस आइको अध्यक्ष सोनिया गान्धीदेखि तत्कालिन प्रधानमन्त्री मनमोहन सिंहसमेतले निरन्तरता दिए।

अहिले कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएका छन्, उनी प्रधानमन्त्री भएपछि हर्ष न विस्मातको अवस्था छ। उनीहरूको दलबाट प्रधानमन्त्री पद पाउँदा रमाइरहेका छन्, तर हामीले रमाउने ठाउँ छैन। देउवाले देश कसरी संचालन गर्छन्, त्यो हामी पर्ख र हेरेको अवस्थामा छ। प्रधानमन्त्री चलाउन देउवा अनुभवी हुन्। त्यो अनुभव कसरी सदुपयोग गर्लान् त्यो पनि हेर्न पर्ला। हुन त देउवालाई प्रधानमन्त्री पद अपस्मट प्राप्त भएको हो। झण्डै दुई तिहाई बहुमत पाएको कम्युनिस्टहरू फुट्दा देउवालाई प्रधानमन्त्री बन्ने अर्को मौका मिलेको हो। राप्रपालाई यो सरकारमा जानु पनि छैन, यो सरकारको तत्कालै विरोध गर्नु पनि छैन। मुलुकमा अस्थिरता भएपछि निर्वाचितबाहेक विकल्प हुँदैन, जनताले दिएको जनमत नवीकरण गर्ने जनता नै हो। यस कारण निर्वाचनबाहेक विकल्प छैन। निर्वाचनमा हारिन्छ कि भनेर डराउने मात्र निर्वाचनको विरोध गरिरहेका छन्। यो अवस्थामा निर्वाचन भयो भने हाम्रो पार्टीको राम्रो स्थान रहने छ। गणितीय रुमा हेर्दा र विचार र सिद्धान्तलाई हेर्दा कांग्रेस-कम्युनिस्टभन्दा हामी अघि छौँ। संवैधानिक राजतन्त्र, धर्म सापेक्ष हिन्दू राष्ट्र बोकेको पार्टी राप्रपा हो। यो विचारबाट राप्रपा कहिल्यै विचलित भएको छैन। राष्ट्रिय प्रजातान्त्रिक पार्टीका शीर्ष नेताहरूलाई कहिले काहीँ आलोचना गर्ने गरिन्छ। पश्चिमी मुलुकको इच्छा पूरा नहुने बेलामा राप्रपाका नेताहरूले आलोचना गर्ने गरेका छन्, यो गैर जिम्मेवार कुरा हो। हाम्रो पार्टीको नेताहरूले चट्टानझैँ उभिएर आफ्नो एजेन्डालाई संसदमा लिपिवद्ध गरेको कुरा रेकर्डबाट स्पष्टै देखिन्छ। यसलाई वास्ता नगरी अनर्गल प्रचार गर्न खोजिएको देखिन्छ। यसबाट जनता सजग भई मतदान गर्न जरुरी छ।

यसै शिलशिलामा राप्रपाको ऐतिहासिक केन्द्रीय महाधिवेशन हुँदै छ। महाधिवेशन भनेको प्रजातान्त्रिक अभ्यास र पार्टीको निरन्तरता हो। यो केन्द्रीय महाधिवेशनभन्दा पहिले जिल्लादेखि गाउँ तहसम्म अधिवेशन गरिरहेका छौँ। महाधिवेशनको मिति २७ कात्तिकदेखि ३० गतेसम्म तय भएको छ। म पनि महाधिवेशनलाई सम्पन्न गर्न सक्रिय रूपमा लागिरहेको छु। अहिले राप्रपा पार्टीहरू एकीकरण भएको छ। अब एकीकृत भई देशलाई विकास र निकास दिन, नेपाललाई अविछिन्न रूपमा विदेशीको हस्तक्षेप रोक्न हाम्रो परराष्ट्र नीति पञ्चशीलको आधारमा र आर्थिक समृद्धिलगायत कुरा लिएर जनतामाझ गर्नुपर्ने आवश्यकता छ। सोहीअनुसार नेता-कार्यकर्ता जनतामा जाने छन् भन्ने मैले विश्वास लिएको छु। वास्तवमा राप्रपा महाधिवेशनले पार्टीलाई थप एकतावद्ध बनाउन मद्दत मिल्ने छ।

हामी आफ्ना मागमा दृढ छौँ। हामी आफ्ना मागलाई लिएर आन्दोलन नगरेको पनि होइन, ७७ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र दिनेदेखि मोटरसाइकल ऱ्याली, आमसभा, विरोध सभा, गर्ने काम काठमाडौं, नेपालगन्ज, झापा, चितवनलगायत ७७ वटै जिल्लामा हाम्रो कार्यक्रम भएकै छ। संसद विघटन को कुरा आएपछि हामी निर्वाचनमा जाने शिलशिलामा तयारी गरिरहेका थियौँ। अब हाम्रो कार्यक्रमले निरन्तरता पाउनुपर्छजस्तो मलाई लाग्छ।

खास रूपमा भन्नुपर्दा हाम्रो पार्टीको देश व्यापी जनमत हुँदा पनि संसदमा हाम्रो पार्टीको एक सिट मात्र छ। हाम्रो पार्टी संसदमा राष्ट्रिय पार्टीसमेत छैन। त्यसको मुल कारण विगतको निर्वाचनमा राप्रपाहरू एक थिएन। फुटेर जनतामाझ जाँदा जनतालाई कुन राप्रपालाई मत दिउँ भन्ने अन्योल थियो।

जनता राप्रपा एक भएको हेर्न चाहन्थ्यौँ बल्ल राप्रपाका इमान्दार कार्यकर्ताले सोचेअनुसारको पार्टी भएको छ। अब पक्का छ, अब राप्रपाले आगामी निर्वाचनमा सानदार परिणाम ल्याउने छ। अब महाधिवेशनसँगै राप्रपा जनताको घरदैलोमा पुग्न ढिलाइ गर्नु हुन्न। राप्रपाले आफ्नो आदर्श र पहिचानलाई कुनै पनि मूल्यमा छाड्न हुन्न। अब राप्रपा उदाउने छ। राप्रपाको नेताहरूले गीता छोएर अब नफुट्ने कसम खाएकाले पनि जनतामा यस कुराले राम्रो सन्देश प्रवाह गरिरहेको छ। राप्रपाको तीनै जना अध्यक्षले अब एक भएर खुसी साथ जनताको घर दैलोमा जानुपर्छ। महाधिवेशनमा परिणाम जस्तोसुकै आए पनि यो परिणामलाई सबैले स्वीकार्नु नै पार्टीको भविष्य छ।

निःसन्देह यतिबेला अमेरिकी नियोग एमसिसी चर्चामा छ। यस बारेमा छोटकरीमा भन्नुपर्दा संसदबाट पारित गरेर मात्र एमसिसी कार्यान्वयनमा ल्याउनु पर्छ। हुन त जनताको म्यान्डेट लिएर आगामी निर्वाचनपछि राप्रपाकै नेतृत्वमा सरकार बने राम्रो हुने थियो। हाम्रा पार्टीका अध्यक्ष कमल थापाले विप्लव माओवादीदेखि राजासम्म अटाउने व्यवस्था राखौँ र देशलाई निकास दिउँ र परराष्ट्र नीति पनि पञ्चशीलको सिद्धान्तअनुसार नजिक र टाढाको छिमेकीहरू समेतलाई समदूरीमा राखेर जानुपर्छ भनेर पार्टीको धारणा राख्नु भएको थियो। तर, संविधान बनाउँदै पूर्वाग्राही ढंगले बनाइयो एउटा पक्षलाई निषेध गर्ने ढंगले बनाइयो। र, २४० वर्षको इतिहास रहेको राजसंस्थालाई पाखा लगाएर विदेशीको एजेन्डामा पूर्वाग्राही ढंगले संविधान बनाइयो। हिन्दू राष्ट्र खारेज गरियो, धर्मनिरपेक्षता ल्याइयो। आपसमा मिलेर बसेका सम्पूर्ण जनजातितिलाई जातीय भेदभावको नाममा झगडामा फसाइयो। पैसाको लोभमा धर्म परिवर्तन गराइयो। संविधान बनाउँदा जनताको सुझाव लिने शिशिलामा ९४ प्रतिशत जनताले हिन्दू राष्ट्रको पक्षमा दिएको सुझावको पोकै नखोली संविधान जारी भयो। यस्तो निषेधको राजनीतिले कुनै देश उभो लाग्दैन।

*(लेखक बस्नेत राप्रपाको केन्द्रीय सदस्य हुन्।)*

## मननयोग्य

# विदुर नीति

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ। यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन्।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु। किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ।

जुवाडेले त्यस्को तारिफ गर्दछन्, साथै वेश्याहरू र चाटुकारहरू समेतले प्रशंसा गर्ने गर्दछन् भने त्यस्तो मान्छे बाँचिरहँदैन अर्थात ऊ शीघ्र नष्ट हुनजान्छ। हे धृतराष्ट्र ! तपाईले महान् धनुर्धर र अत्यन्त तेजस्वी पाण्डवहरूलाई छाडेर यो महान् ऐश्वर्यको भार दुर्योधनउपर राखिदिनुभयो। तीनैलोकको साम्राज्यबाट जसरी दानवीर बलिराजा च्यूत भए थे, तपाईले पनि अब त्यसैगरी यो हस्तिनापुरको साम्राज्यबाट दुर्योधनादि कौरवहरू भ्रष्ट (पटन) भएको देख्नुहुनेछ।

हे विदुर ! मानिस ऐश्वर्यको प्राप्ति र नाशमा स्वतन्त्र छैन। धागोमा बाँधेर कठपुतलीलाई नचाए झैं गरेर प्रारब्धले मानिसलाई नचाईराखेको छ। यस्तो कसरी भएको हो तिमी भन्दै जाऊ, म सुनी नै रहन्छु। कुनै भने मघुर बोलीले (मिजासिलो स्वभाव) ले गर्दा प्रिय बन्न सक्तछ। तर वास्तवमा जो लोकप्रिय छ ऊ सधैंभरि सर्वप्रिय नै भइरहन्छ।

मानिसले जसलाई द्वेष गर्छ, यसरी द्वेष गरिने व्यक्तिलाई उसले सज्जन, विद्वान् र बुद्धिमान् ठान्दैन। मन परेको व्यक्ति (मित्र) द्वारा गरिने सबै राम्रा नराम्रा कामहरू शुभ नै लाग्ने गर्छन्, परन्तु द्वेष गरिएको अथवा मन नपरेको व्यक्ति (दुस्मन) ले गर्नु पुण्य कामहरू नै छन् तापनि सदैव अशुभव वा पापमय हुन जान्छन्।

हे राजाराज धृतराष्ट्र ! मैले (विदुरले) दुर्योधन जन्मना साथै उसलाई हेरें। जुन लक्षणहरू उसमा देखेथें अनि मैले तपाईलाई भनें यो एउटा छोरोलाई त्यागिदिनुहोस्, यस त्यागले अरु सय छोरा बढ्नेछन् यदि यसलाई नत्याग्ने हो भने सयवटा छोरा नै घट्नेछन्।

**क्रमशः**

## पत्र-मञ्जुषा

# शक्ति सञ्चय एमालेका लागि घातक

**सम्पादकज्यू,**

नेकपा एमालेले अध्यक्ष र सदस्य मात्र निर्वाचित हुने गरी विधान संशोधनको प्रस्ताव गरेको छ। विधान संशोधन प्रस्तावमा अध्यक्ष र सदस्य मात्र निर्वाचित हुने र बाँकी पदाधिकारी केन्द्रीय कमिटीले निर्वाचित गर्ने व्यवस्था प्रस्ताव गरिनु अहिलेका लागि ठिकै भएजस्तो देखिएला तर यो संस्कारले एमालेलाई झन् कुण्ठित बनाउने देखिन्छ। पार्टीका आन्तरिक निर्वाचनमा प्यानल बनाएर निर्वाचन लड्न नपाउने गरी व्यवस्था गरिएको छ जुन अत्यन्तै प्रशंसनीय भए पनि अध्यक्ष मात्र सर्वेसर्वा बन्ने जुन तयारी भइरहेको छ। यसबाट पार्टीमा अध्यक्ष झन् शक्तिशाली हुने देखिन्छ। यो प्रस्तावले पार्टी अध्यक्षलाई शक्तिशाली बनाउने देखिन्छ। पारित विधान संशोधन मस्यौदामा एमालेमा उपाध्यक्षको संख्या ५ बाट घटाएर दुईमा झारिएको छ। त्यस्तै सचिवको संख्या बढाएर ७ पुऱ्याइएको छ। अध्यक्ष, दुई उपाध्यक्ष, महासचिव, दुई उपमहासचिव र सातजना सचिव रहने गरी पार्टीका पदाधिकारी राख्ने व्यवस्था प्रस्ताव गरिएको छ।

यसपछि अब एमालेमा अध्यक्षबाहेकका पदाधिकारी केन्द्रीय कमिटीले चयन गर्ने देखिएको छ। अध्यक्षले नै सबै पदाधिकारी मनोनयन गर्ने भएपछि अध्यक्षको मनोमानी बढी चल्न सक्छ। एमालेले विधान महाधिवेशनबाट विधान र नीति पारित गर्ने, राष्ट्रिय महाधिवेशनबाट नेतृत्व चयन गर्ने, केन्द्रीय सल्लाहकार परिषदलाई केन्द्रीय निकायमा सूचीकृत गर्ने, सल्लाहकार परिषद्का अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह हुने प्रस्ताव गरेको छ। यो प्रक्रियाले अहिलेको असन्तुष्ट पक्षलाई कजाउन त सक्ला तर यदि अध्यक्षमा असन्तुष्ट पक्षले जितेमा अहिलेका संस्थापन पक्ष भनिएकाहरूको हालत के होला ? बुद्धिमानी नेताले अहिलेका लागि मात्र सोचेर निर्णय गर्नु हुँदैन, उसले त भोलिका लागि आइपर्ने समस्या पनि सम्बोधन गर्ने गरी निर्णय लिनुपर्छ। राजनीतिक पार्टीलाई आफ्नो पेवा ठानेर गरिएको व्यवस्थाले आफूलाई पर्ने असर आज नै नजरअन्दाज गर्न सकेन भने यो त नेता भन्न नै सुहाउँदैन।

अहिले आफ्नो पक्षमा बहुमत भएकाले यस्तो व्यवस्था गरिएको हुन सक्छ तर यसबाट निस्कने परिणामका बारेमा नेतृत्वले सोचेको छ त ? अहिलेको व्यवस्थाले विपक्षीलाई साइजमा ल्याउन केही सहज त होला तर अध्यक्ष निरंकुश बनाउने गरी गरिएको विधान संशोधनले जनतामा सकरात्मक सन्देश भने जाँदैन। विधान संशोधन प्रस्तावमा अध्यक्ष र सदस्य महाविधेशन वा अधिवेशनबाट निर्वाचित हुने र अन्य पदाधिकारी कमिटीले निर्वाचित गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसो हुँदा पार्टीमा एक पक्षले मात्र सधैं हैकम जमाउने र अरु पक्ष भने सधैं पार्टीबाट बाहिर रहने डर हुन्छ। पार्टीमा सधैं आफ्नो मात्र हैकम चल्छ भनेर अघि बढ्ने हो भने यसबाट पार्टीले छलाङ मार्न सक्दैन। पार्टी नै निरंकुशताको पिछलग्गु भयो भने उसबाट जनताले के आसा गर्ने ? कुनै एक पक्षलाई निषेध गर्ने सपना बोकेर अघि बढेको पार्टीले जनतालाई न्याय देला त ?

- रामप्रसाद शिवाकोटी, दोलखा।

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'महाधिवेशन नभए वैधानिकतामा प्रश्न'



■ प्रभाव संवाददाता

**चितवन–** नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले कांग्रेसको चौधौं महाधिवेशन समयमा नभए पार्टीको वैधानिकताको प्रश्न उठ्ने भएकोले विकल्प महाधिवेशन नरहेको बताएका छन् ।

नेपाल प्रेस युनियन चितवनले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले यस्तो बताएका हुन् । उनले भने, ' महाधिवेशन समयमा नभए पार्टीको वैधानिकताको प्रश्न उठ्छ, त्यसैले तोकिएको समयमा महाधिवेशन गर्नुपर्छ ।' उनले सहमतिका लागि भए पनि विशेष महाधिवेशन गर्नुपर्ने बताए । अहिले तोकिएको अवधिमा महाधिवेशन सम्पन्न हुन नसक्ने भन्दै उनले कांग्रेसको विशेष महाधिवेशन गरेर भए पनि वैधानिकता जोगाउनुपर्ने सुझाव दिए ।

क्रियाशील सदस्यताको विवाद मिलाएर महाधिवेशनमा जानुपर्ने भन्दै कांग्रेसको वैधानिकताको विषयमा कसैले पनि प्रश्न उठाउन नहुने गरी काम गर्नुपर्ने उनको भनाइ थियो । कोरोनाको नयाँ भेरियन्ट भित्रिएसँगै जोखिम बढेको हुँदा अहिलेको अवस्थामा पार्टीको शीर्ष तहले विशेष अधिवेशनको विकल्पबारे सोच्नुपर्ने उनको भनाइ थियो । एमसिसी संशोधन गरेर मात्र पारित गर्नुपर्ने केसीको सुझाव थियो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Mousa Trading & Contracting Company

पुर्व स्वीकृति मिति २०७८/०४/२६ | LT. No. 243545 | चलानी नं. ६०१६१२९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1300 | ४१,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

कम्पनी : Rashid contracting establishment

पुर्व स्वीकृति मिति २०७८/०४/०७ | पुन विज्ञापन स्वीकृति मिति २०७८/०४/२६ | LT. No. 242388 | चलानी नं. ६०१५९७७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Worker | 6 | 0 | 1000 | ३१,७५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | PUBLIC CAR DRIVER | 5 | 0 | 1500 | ४७,६२५ | | | | | | | |
| 3 | ROAD MECHANIC DRIVER | 2 | 0 | 2000 | ६३,५०० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ २ गते (18th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mr Delivery

पुर्व स्वीकृति मिति : २०७७/११/१० | पुन विज्ञापन स्वीकृति मिति : २०७८/०४/२६ | LT. No. : 236159 | चलानी नं. : ६०१६०९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 1500 | ४८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2200 | ७१,२६० | | | | | | | |
| 3 | waiter | 2 | 0 | 1400 | ४५,६७० | | | | | | | |
| 4 | Gen Clean Worker | 1 | 0 | 1000 | ३२,६२० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालयमा भदौं २ गते ( 18th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gurung Magar Services Pvt. Ltd.**
Govt. Lic. No. 851/066/067
G.P.O. Box: 8975, E.P.C. 2635, Basundhara-8, Ktm. Nepal
Tel: +977-1-4386897,+977-15903411 , +977-15903412 , 9851002414 , 9849886526, 9813152328 .
regards Email: gmservicesnepal@gmail.com
Website : www.gurungmagarservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC THE ROSE GIFT SHOP

पूर्व स्वीकृति मिति २०७८/०४/२४ | LT. No.243495 | चलानी नं. ६०१६१२४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 1 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ०२ गते (18th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4359905/ 4385829/ 4357256, Fax: +977-1- 4353733/ 4386111
Govt. License 083/053/054



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Qatamaa Mishaan Al shammari sweet store

पूर्व स्वीकृति मिति २०७८/०४/२६ | LT. No. 243819 | चलानी नं. ६०१६१२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour (Male) | 1 | 0 | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ०२ गते (18th Aug 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Forever Human Resource Solution Pvt.Ltd**
Govt. Lic No: 1411/074/075
Tokha Road-10, Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4353298, 4354685
E-mail : info@foreverhrs.com, rnsagar321@gmail.com Website : www.foreverhrs.com



छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
प्रदेश नं. २, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०४/२८ गते**

यस कार्यालयबाट चालु आ.व २०७८।०७९ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्र द्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजतपत्र प्राप्त ईच्छुक उधोग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्ववको बोलपत्र आव्हान गरिएको छ ।

